नेपाल सरकार
# अर्थ मन्त्रालय
(प्रशासन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०७९/८०
च. नं.:- ७९८

मितिः-२०७९/०६/३१

विषयः निर्वाचन आचारसंहिता, २०७९ को पालन गर्ने सम्बन्धमा।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री महाशाखा सबै, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं।
श्री भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं।
श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन।
श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नक्साल।

प्रस्तुत विषयमा आगामी २०७९ साल मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचन आचारसंहिता, २०७९ को प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समितिको मिति २०७९/०६/२७ गतेको बैठकबाट देहायबमोजिमको निर्णय भएको हुँदा निर्णय बमोजिम गर्न गराउनका लागि निर्वाचन आयोगको पत्रसंख्या २०७९/८०, च.नं. २२३, मिति २०७९/०६/२८ को पत्रबाट लेखि आएको हुँदा केन्द्रीय आचारसंहिता अनुगमन समितिको बैठकबाट भएको निर्णय मातहतका कार्यालयहरूमा समेत जानकारी गराई कार्यान्वयनको व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

देहायः-

"निर्वाचन आचारसंहिता, २०७९ पालन गर्नुपर्ने दायित्व भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति जस्ता निकायमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा विद्यालय वा विश्वविद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारी लगायत निर्वाचनको काममा संलग्न कर्मचारीले निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेको अवस्थामा निजहरूलाई कानून बमोजिम कारबाही गर्नु पर्ने भएकोले कुनै कर्मचारीले राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुने वा प्रचारप्रसार गर्ने, सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामाग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जाल मार्फत मत माग्ने लगायतका निर्वाचन आचारसंहिता विपरितको काम काम कारबाही गरेमा त्यस्ता कर्मचारी, शिक्षक, प्राध्यापक, सुरक्षाकर्मी समेतलाई निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसूर र सजाय) ऐन, २०७३, निर्वाचन आचारसंहिता, २०७९ तथा प्रचलित कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी निर्वाचन आयोग र सम्बन्धित जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिलाई गराउन निर्वाचन आचारसंहिता लागू हुने सबै निकायका प्रमुखलाई निर्देशन दिने" ।

कार्यार्थः-

सूचना तथा प्रविधि शाखा, अर्थ मन्त्रालयः- निर्वाचन आयोगको पत्रसंख्या २०७९/८०, च.नं. २२३, मिति २०७९/०६/२८ को पत्र वेवसाइटमा राख्ने व्यवस्था हुन।

२०७९/६/३१

(कुल प्रसाद शर्मा)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

प.सं. च.नं./Ref: ०७९/८० 223

(कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा)

मितिः२०७९/६/२८

विषयः-निर्देशन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार।
श्री अर्थ मन्त्रालय, सिंहदरबार।
श्री गृह मन्त्रालय, सिंहदरबार।
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार।
श्री उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, सिंहदरबार।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार।
श्री उधोग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार।
श्री रक्षा मन्त्रालय, सिंहदरबार।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण, मन्त्रालय, सिंहदरबार।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री शहरी विकास मन्त्रालय, सिंहदरबार।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार।
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार।

प्रस्तुत विषयमा आगामी २०७९ साल मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचन आचारसंहिता, २०७९ को प्रभावकारी कार्यन्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समितिको मिति २०७९/६/२७ गतेको बैठकबाट देहाय बमोजिम निर्णय भएको हुँदा निर्णय बमोजिम गर्नु गराउनु हुन साथै मातहत अन्तर्गतका विभाग र निकायहरुमा जानकारी गराइ समन्वय गरी दिनु हुन समेत अनुरोध छ।

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

देहाय

"निर्वाचन आचारसंहिता, २०७९ पालना गर्नुपर्ने दायित्व भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति जस्ता निकायमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा विद्यालय वा विश्वविद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारी लगायत निर्वाचनको काममा संलग्न कर्मचारीले निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेको अवस्थामा निजहरुलाई कानून बमोजिम कारबाही गर्नु पर्ने भएकोले कुनै कर्मचारीले राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुने वा प्रचारप्रसार गर्ने, सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जाल मार्फत मत माग्ने लगायतका निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेमा त्यस्ता कर्मचारी, शिक्षक, प्राध्यापक, सुरक्षाकर्मी समेतलाई निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसूर र सजाय) ऐन, २०७३, निर्वाचन आचारसंहिता, २०७९ तथा प्रचलित कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी निर्वाचन आयोग र सम्बन्धित जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिलाई गराउन निर्वाचन आचारसंहिता लागू हुने सबै निकायका प्रमुखलाई निर्देशन दिने"।

२०७९।६।१२

(गुरु प्रसाद बाग्ले)
उपन्यायाधिवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np